# नेपाल टेलिभिजन
## इ-बुलेटिन

वर्ष २, अङ्क १९, कार्तिक २०७८

**यस अंकमा**

नेपाल टेलिभिजन संस्थानले संस्थान भित्र भएगरेका विविध गतिविधिहरुलाई समेटेर आमदर्शक एवम् सम्बन्धित सरोकारवाला सबैको जानकारीकालागि मासिक रुपमा इ-बुलेटिन प्रकाशन गर्दै आइरहेको छ । २०७८ साल कार्तिक महिनामा प्रकाशित यो अंक इ-बुलेटिनको सत्रौं अंक हो ।

यस अंकमाः

- प्रशासनः चमेनागृह सञ्चालनमा ल्याउन प्रकृया शुरु
- कार्यक्रमः मेगा कार्यक्रमको ग्राण्ड फिनाले संगै नयाँ कार्यक्रमहरुको सुरुवात
- व्यापारः सरकारी निकायसंग सम्झौंता र सहकार्य
- एनटिभी प्लसः आन्तरिक उत्पादनका कार्यक्रमहरु निर्माण र प्रसारण
- अपरेशनः बाहृय एवम् आन्तरिक कार्यक्रमको उत्पादन बढ्यो
- इञ्जिनियरिङः आवश्यक कामहरुको निरन्तरता
- एनटिभी कोहलपुरः रियालिटी शोको तयारी

## दोहोरी च्याम्पियनको विजेता छनोट

नेपाल टेलिभिजन संस्थान सञ्चालक समितिको मिति २०७८/०७/१० गतेको निर्णयानुसार नेपाल टेलिभिजनले आयोजना गरेको दोहोरी गीतको रियालिटी शो दोहोरी च्याम्पियनको अन्तिम प्रतिस्पर्धा र विजेता छनोट कार्तिक महिनामा सम्पन्न भयो । रियालिटी शो दोहोरी च्याम्पियनको Grand Finale कात्तिक १३ गते शनिवार पोखरामा भव्य कार्यक्रमको आयोजना बीच सम्पन्न गरियो ।




## चमेनागृह सञ्चालनमा ल्याउन प्रकृया शुरु

कोभिड १९ को संक्रमणका कारण विगत लामो समय देखि संस्थान परिसरमा रहेको चमेना गृह बन्द अवस्थामा छ । पछिल्ला दिन कोभिडको संक्रमण केहि घट्दै गइ अवस्था सामान्यिकरण तर्फ उन्मुख हुदै गइरहेको सन्दर्भमा बन्द अवस्थामा रहेको संस्थान परिसरभित्रको चमेनागृहलाई नयाँ स्वरुपमा प्रतिस्पर्धाको माध्यमबाट सञ्चालनमा ल्याउने तयारीका लागि प्रस्ताव माग गरिएअनुसार संस्थानमा रीतपूर्वक प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्ने काम भैरहेको छ ।

## शोक सन्देश



नेपाल टेलिभिजनका नायव महाप्रबन्धक (प्रशासन) एवं उच्च व्यवस्थापन समूह (Senior Management Team-SMT) का सदस्य श्री बिष्णुराम न्यौपानेका पुजनीय पिता गोपालनिधि न्यौपानेको ८७ वर्षको उमेरमा मिति २०७८ कात्तिक २४ गते भएको असमायिक निधनप्रति दुःख व्यक्त गर्दै मृत आत्मको चीर शान्तिको कामनासहित भावपूर्ण श्रध्दाञ्जली एवं परिवारजनमा गहिरो समवेदना व्यक्त गरियो ।



## मेगा कार्यक्रमको ग्राण्ड फिनाले संगै नयाँ कार्यक्रमहरुको सुरुवात

आम दर्शकलाई शिक्षा, स्वास्थ्य, समावेशिता, विकास लगायत समग्र देशका बारेमा सूचना सम्प्रेषण गर्ने जिम्मेवारी पाएको नेपाल टेलिभिजनले आफ्नो दायित्व प्रभावकारी ढंगले निभाउँदै आएको छ । चौबिसै घण्टा दर्शकमाझ उत्कृष्ट कार्यक्रमहरु पस्किने क्रममा यो महिना केही नयाँ कार्यक्रमहरुको थालनी भयो भने मेगा रियालिटी शो दोहोरी च्याम्पियनको फिनाले पनि सम्पन्न भयो ।

## दोहोरी च्याम्पियन फिनाले

२०७७ साल फागुन २९ गते देखि शुरु भएको नेपाल टेलिभिजनको मेगा गायन रियालिटी शो दाहोरी च्याम्पियन यो महिना सम्पन्न भयो । कास्कीको पर्यटकीय नगरी पोखरामा कार्तिक १३ गते भव्य रुपमा फिनाले सम्पन्न भएको हो । यो कार्यक्रमको नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्यो । कार्यक्रमको अन्त्यमा नेपाल टेलिभिजनका महाप्रबन्धक फुलमान बलले दाहोरी च्याम्पियन २ को घोषणा समेत गर्नुभयो । अब चाँडै नै दोहोरी च्याम्पियन २ ल्याउने तयारी भइरहको छ ।



## नयाँ कार्यक्रम निर्माण र प्रसारण




यो महिना नेपाल टेलिभिजनबाट समता संवाद नामक नयाँ कार्यक्रम प्रसारणको सुरुवात भयो । महिला, बालबालिका, ज्येष्ठ नागरिक, अंपागता भएका, यौनिक तथा अल्पसंख्यक समुदायमाथी हुने सबै प्रकारका कुरिति विरुद्ध आवाज उठाउने र समतामूलक समाज निर्माण गर्ने उद्धेश्यले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहकार्यमा यो कार्यक्रम निर्माण तथा प्रसारण भयो । त्यसैगरी शिक्षा तथा मानवश्रोत विकास केन्द्रसँगको सहकार्यमा शिक्षाको चौतारी नामक कार्यक्रम पनि यसै महिना उत्पादन तथा प्रसारण शुरु भयो । यो स्थलगत छायांकनमा आधारित साप्ताहिक कार्यक्रम हो ।

## परिसंवाद

यो महिना नेपाल टेलिभिजनबाट नेपालमा उर्जा सम्बन्धी विषयमा परिसंवाद निर्माण तथा प्रसारण भयो । यसका साथै नेपाली संस्कृतिमा लोकगीतको बाटो र संस्कृति र सञ्चार भन्ने विषयमा पनि परिसंवाद निर्माण तथा प्रसारण भयो ।



## प्रत्यक्ष प्रसारण

नेपालीहरुको दोस्रो महान चाड तिहारको अवसरमा तिहार विशेष कार्यक्रमको प्रत्यक्ष प्रसारण गरियो । यसका साथै नेपाली दोहारी च्याम्पियन फिनालेको पनि प्रत्यक्ष प्रसारण गरियो ।




## नियमित कार्यक्रमहरुको निरन्तरता

नियमित कार्यक्रमहरु क्विज मेनिया, दोहोरी च्याम्पीयन, संघर्ष, कोभिड हटलाइन, कोभिड १९ प्रेस ब्रिफिङ, रोजगार हाम्रो सरोकार, समृद्ध नेपाल, आजको चर्चा, सुशासन सवाल, आजको विज्ञान, कोरोना केयर टक, जनस्वास्थ्य बहस, सुरक्षित नेपाल, दलित सवाल र जीवनचक्र कार्यक्रमहरु प्रसारण भए । यसैगरी देशको संगित, विश्वास, महिला अधिकार, योग र जीवन, ज्योतिष मन्थन, संगीत तरंग, चौतारी, चिल्ड्रेन्स क्लब, प्रदेश वृmषि दर्पण र भुमिमा प्रविधि कार्यक्रमहरु निर्माण तथा प्रसारण भए । दैनिक रुपमा प्रसारण हुने कृषि कार्यक्रमहरु वृmषिमा संवाद, नविन कृषि प्रविधि, किसान प्रश्न मञ्च, कृषिमा महिला, सफल वृmषक र कृषि गतिविधि निर्माण तथा प्रसारण भए ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहकार्यमा निर्माण हुने विभिन्न भाषाभाषीका कार्यक्रमहरु पनि यो महिना प्रसारण भए । नेपाल भाषाको नेवा दबु, भोजपुरी भाषाको भोजपुरी आवाज, थारु भाषाको समाद, अवध भाषाको अवध दर्शन, तामाङ भाषाको तुम्दुङ र मैथली भाषाको चौवटीया कार्यक्रमहरु प्रसारण भए । यसका साथै तामाङ भाषाको ल्हासो, उर्दु भाषाको बज्मे उर्दु र गुरुङ भाषाको ङ्योतेन कार्यक्रम पनि प्रसारण भए ।

आम दर्शकमाझ निरन्तर रुपमा सूचना, जानकारी र सन्देश प्रवाह गर्नुपर्ने दायित्वलाई अझ सशक्त रुपमा निर्वाह गर्दै नेपाल टेलिभिजनले विभिन्न विषयमा परिसंवाद, विशेष संवाद, वृत्तचित्र र जनचेतनामूलक सन्देशहरुहरु निर्माण गर्दै आइरहेको छ ।।

## सरकारी निकायसंग सम्झौंता र सहकार्य

२०७८ कार्तिक महिनामा ब्यापार महाशाखाबाट एजेन्सी तथा नीजि संस्थातर्फ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मंत्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्ड आदिसंग सम्झौता तथा सहकार्य भएको छ । सरकारी निकाय अन्तर्गत कार्तिक मसान्तसम्म नेपाल टेलिभिजन राष्ट्रिय प्रसारणतर्फ कुल रकम रु १२ करोड ४० लाख ९९ हजार ६ सय ७९; एन.टि.भि प्लसतर्फ कुल रकम रु २ करोड ४ लाख ७२ हजार १ सय २० र एन.टि.भि समाचारतर्फ कुल रकम रु ४० लाख ३० हजारको सम्झौंता सहकार्य सम्पन्न भएको छ । कोभिड-१९ का कारण संकुचन भएको विज्ञापन बजारका बावजुत पनि नेपाल टेलिभिजनको बार्षिक सम्झौता तथा सहकार्य सकारात्मक रहेको छ ।

आ.व २०७८।७९ का लागि नेपाल टेलिभिजनका ५ वटै च्यानलहरुको सञ्चालक समितिबाट रु. ५४ करोड ६० लाख   १५ हजार बार्षिक लक्ष्य तोकिएकामा २०७८ कार्तिक महिनामा संस्थानका पाँच वटै च्यानलहरुको वार्षिक कुल रु ४८ करोड १० लाख २० हजार ४ सय १८ को सम्झौता तथा सहकार्य सम्पन्न भएको छ ।



## लक्ष्य प्राप्तिको प्रयास

संचालक समितिको मिति २०७८।०३।१७ को निर्णय नं. ६१२७ अनुसार संस्थानको व्यापार सुरक्षा र थप आम्दानी सुनिश्चित गर्न आ.व २०७८/७९ मा सम्झौंता भएका विज्ञापन एजेन्सीहरुलाई सम्झौंता निरन्तरता गर्न पत्राचार गरी सम्झौताका लागि पहल गरिएकोमा अधिकांश एजेन्सीहरुसंगको सहकार्य सम्झौंता निरन्तरता भएको छ । संस्थानको प्रभावकारी नीति तथा समयनुकुल रणनीतिहरु प्रयोग गरी व्यापार वृद्धिको प्रयास भइरहेको छ । सरकारी निकायसंगको व्यापारिक समन्वय तथा सहकार्यबाट सम्झौता सम्पन्न हुदै आईरहेकोमा थप सहकार्यका लागि पहल हुदै आईरहेको छ । संस्थानको व्यापार निर्देशिका अनुसार कार्यक्रम खाली समयस्लट तथा विज्ञापन प्याकेज बिक्रिका लागि समेत नियमित पहल हुदै आईरहेको छ । संस्थानको nepaltvonline.com को Digital Page का लागि समेत विभिन्न निकायहरुमा विज्ञापनको लागि अनुरोध हुदै आईरहेको छ ।

कोभिड १९ को विज्ञापन बजार तथा व्यवसायमा पर्न गएको प्रभाव र सबै प्रकारका चूनौतीकाबीचमा पनि ब्यापार अभिवृद्धि हुदै आईरहेको ।

## सम्झौंता सहकार्यः

१. राष्ट्रिय परीक्षा बोर्ड, सदस्य सचिव

२. शिक्षा तथा मानव स्रोत विकास केन्द्र, महानिर्देशक

३. वातावरण विभाग, महानिर्देशक

४. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सहसचिव

## आन्तरिक उत्पादनका कार्यक्रमहरु निर्माण र प्रसारण

कार्तिक महिनामा एनटिभी प्लसका आन्तरिक उत्पादनका कार्यक्रमहरु, यसैगरी पुराना वृत्तचित्र, गीतहरु, भजन, फिलर सहितका कार्यक्रमहरुको उत्पादन र प्रसारण भयो । च्यानलको निरन्तर प्रसारणका क्रममा निम्न बमोजिम कार्यक्रमहरुको उत्पादन र प्रसारण भयो ।

१ नेपाल सरकार स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ शिक्षा, सूचना तथा संचार केन्द्र र नेपाल टेलिभिजन बीच २०७७ श्रावण २९ गते भएको सम्झौता अनुसार एनटिभी प्लसबाट दैनिक विहान ७:०० बजे देखि ८:०० बजे प्रसारण भैरहेको स्वस्थ जीवन कार्यक्रम ३० भाग प्रसारण भयो ।

२ नेपाल कृषि अनुसन्धान परिषद र नेपाल टेलिभिजनबीच भएको सम्झौता अनुरुप कृषि अनुसन्धान र प्रविधी नामक कार्यक्रम जम्मा ४ वटा प्रसारण भयो ।

३ अमेरिकी प्रसारण संस्था 'भ्वाइस अफ अमेरिका (VOA)' संगको सहकार्यमा प्रसारण हुदै आएको कार्यक्रम ४ वटा प्रसारण भयो ।

४ सातामा ५ दिन प्रसारण हुने कार्यक्रम World Sports २२ ओटा प्रसारण भयो ।

५ बहिरबाट निर्माण भै आउने पटके कार्यक्रम तथा वृतचित्र एउटा प्रसारण भयो ।

६ बाहिर बाट निर्माण भै आउने नियमित दैनिक तथा साप्ताहिक कार्यक्रमहरु गरी एनटिभी प्लसमा जम्मा ६३ ओटा कार्यक्रमहरु कार्तिक महिना भर प्रसारण भयो ।



## बाह्य एवम् आन्तरिक कार्यक्रमको उत्पादन बढ्यो

कार्तिक महिना, यस आ.व.मा हालसम्म अपरेशन महाशाखाका कर्मचारीहरुको Outdoor र Indoor कार्यक्रम उत्पादनमा बढी भन्दा बढी संलग्नता भएको महिना रह्यो । नेपालमा कोरोनाको संक्रमण दर ओरालो लागेसंगै सबै क्रियाकलापहरु समान्यीकरण हुँदै जाने क्रममा रोकिएका कार्यक्रम उत्पादन नियमित भएको र नयाँ सम्झौता भईआएका कार्यक्रम उत्पादनले अपरेशन तर्फका कर्मचारीहरुको व्यस्तता निकै बढ्यो । यस बाहेक नियमित रुपमा भैरहेका कोभिड-१९ को नियन्त्रण र सचेतना सम्बन्धी दैनिक कोभिड हटलाइनको प्रत्यक्ष प्रसारण र स्वास्थ्य मन्त्रालयको साप्ताहिक प्रेस ब्रिफिङ्गको प्रत्यक्ष प्रसारणका अलावा दैनिक स्वस्थ्य जीवन कार्यक्रम उत्पादन, साप्ताहिक कोरोना केयर रेकर्डिङ्ग, एडिटिङ्ग जस्ता कोरोनासंग सम्बन्धित विशेष कार्यक्रमहरुको उत्पादन र प्रत्यक्ष प्रसारणहरु यो महिना पनि नियमित रहे । यसका साथै नियमित समाचार तथा कार्यक्रम छायाङ्कन/प्रसारण, दृश्य सम्पादन र डबिङ्ग जस्ता गतिबिधिहरुको समेत यो महिनामा निरन्तरता रह्यो । त्यस्तै यो महिनामा मेगा दोहोरी रियालिटि शो 'दोहोरी च्याम्पियन' का सबैभागहरु स्टुडियोमा उत्पादन भै प्रसारण भए भने तृतिय स्थानका लागि प्रतिस्पर्धा र फाइनलमा पुगेका टोलीहरु बीचको प्रस्तुति सहितको Grand Finale को प्रत्यक्ष प्रसारण एवं त्यसलाई सफल बनाउन प्रदेश सरकारका मन्त्रीज्यूहरुको समेत संलग्नतामा सांस्कृतिक-पर्यटन विशेष थप कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण पोखराबाट सम्पन्न भए ।




## आवश्यक कामहरुको निरन्तरता

इन्जिनियरिङ महाशाखा अन्तरगत विगतका महिनाहरुमा जस्तै यो महिनामा पनि दैनिक प्रसारण तथा आवश्यक प्रत्यक्ष प्रसारणका कार्यहरु नियमित गराउन कामहरु भई नै रह्यो ।

यसका अलावा नेपाल टेलिभिजनको नयाँ च्यानलका रुपमा आउन लागेको NTV World को लागि आवश्यक Studio Equipment को Pre-Bid Meeting गर्ने कार्य सम्पन्न भयो । साथसाथै NTV World को लागि आवश्यक संरचना निर्माणको प्राविधिक डिजाइन तयार गरिएको छ । दोहोरी च्याम्पियन फाइनल DSNG प्रयोग गरी पोखराबाट प्रत्यक्ष प्रसारण गरियो ।





## रियालिटी शोको तयारी



बर्दियाको बारबर्दिया नगरपालिका र एनटिभी कोहलपुरको संयुक्त प्रस्तुतिमा थारु नृत्यमा आधारित रियालिटी शो हमार नाच एनटिभी कोहलपुरबाट प्रसारण हुने भएको छ । यसका लागि एनटिभी कोहलपुर र विज्ञापन एजेन्सी परिमार्ग मिडियाबीच सम्झौता सम्पन्न भएको छ । कुल ८ भाग उत्पादन भै प्रसारण हुने यो शो थारु नृत्यमा आधारित सम्भवतः पहिलो रियालिटी शो हुनेछ । बारबर्दिया नगरपालिका भित्रको थारु नृत्यमा प्रतिष्पर्धा हुने यो शोका लागि मंसिर १८ गते अडिशन राउण्ड हुनेछ ।

## व्यापार बिस्तार



एनटिभी कोहलपुरको व्यापारिक सम्झौता पनि बढ्दै गएको छ । पालिकाहरुसँगको सहकार्य पनि थपिदै गएको छ । पछिल्लोपटक नेपालगञ्ज उपमहानगरपालिकासँग हाम्रो नेपालगञ्ज कार्यक्रम उत्पादन र प्रसारणका लागि सम्झौता सम्पन्न भएको छ । यसैगरी एनटिभी कोहलपुरको साप्ताहिक कार्यक्रम प्राइम टक प्रायोजनका लागि कोहलपुर डेभलपर्स प्रालीसँग पनि सम्झौता भएको छ । चालू आर्थिक वर्षको प्रथम चौमासिक सम्म एनटिभी कोहलपुर र प्रदेश तथा स्थानीय सरकार, विभिन्न संस्था तथा एवं निजी क्षेत्रसँग गरी कुल रु १,७०,९७,८००/- बराबरको सम्झौता सम्पन्न भएको छ ।